धनगढी उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२६७२९
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं.:-०७९/०८०
च.नं.:- ७०९

मिति:-२०७९/०६/३०

श्री सामुदायिक विद्यालयहरु सबै
धनगढी उपमहानगरपालिका धनगढी, कैलाली

**विषयः- विपन्न लक्षित छात्रवृति सम्वन्धमा।**

प्रस्तुत सम्बनधमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र समावेशी शिक्षा शाखा सानोठिमी, भक्तपुरको च.नं.१७ मिति २०७९ आश्विन २६ गतेको प्राप्त पत्र संलग्न गरि पठाइएको छ। उक्त पत्रमा उल्लेखित आधारहरु पुरा गरेका विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउने प्रयोजनका लागि मिति २०७९/०७/०४ गते भित्रमा बैङ्क खाता खोली शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत सूचना व्यवस्थापन प्रणालिमा विवरण अद्यावधिक गर्न हुन अनुरोध छ।

अकवर चन्द
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः- सूचना वेव साईटमा अपलोड गरीदिन हुन।

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७९/०८०
च.नं. ९७

फोन : ०१-६६३१०७५
फ्याक्स : ०१-६६३१९७२

मिति :२०७९/०६/२६

श्री स्थानीय तहहरु ।

विषय: विपन्न लक्षित छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयका कक्षा ९-१२ मा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमका लागि छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको विवरण मिति २०७९/०३/२७ गते प्रकाशन गरिएको छ। सम्वन्धित स्थानीय तहहरुले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम तपसिलमा उल्लिखित आधारहरु पुरा गरेका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम उपलब्ध गराउने प्रयोजनका लागि मिति २०७९/०७/४ गतेभित्रमा बैंकखाता खोली शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विवरण अद्यावधिक गर्नका लागि विद्यालयहरुलाई निर्देशन र समन्वय गरिदिनहुन निर्णयानुसार अनुरोध छ ।

..........
मुक्तादेवी पोखरेल
शाखा अधिकृत

तपसिल

१. शैक्षिक सत्र २०७८ मा कक्षा १० मा फारम भरेका र शैक्षिक सत्र २०७९ मा कक्षा ११ मा अध्ययनरत रही सम्वन्धित स्थानीय तहले प्रमाणीकरण गरेका विद्यार्थीहरुले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बैंक खाता विवरण अद्यावधिक गरेको हुनुपर्नेछ।
२. कक्षा ११ र १२ मा ५/ ५ क्रेडिट आवरको जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान विषय लिइ अध्ययन गर्ने तथा विद्यालय तहको प्राविधिक धारमा अध्ययनरत छात्रछात्राहरुमध्ये छात्राहरुको हकमा तेस्रो क्वाइन्टाइल सम्ममा पर्ने र छात्रहरुको हकमा दोस्रो क्वाइन्टाइल सम्ममा पर्ने छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन् भने अन्य विषयको कक्षा ११ को हकमा प्रथम क्वाइन्टाइको विद्यार्थीहरु मात्र छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।
३. छात्रवृत्ति पाउनयोग्य भनी नामावली प्रकाशन भएपनि बुँदा नं २ बमोजिम विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीलेमात्र नजिकैको बैंकमा खाता खोल्नु पर्नेछ । स्थानीय तहले सम्वन्धित विद्यार्थीको खातामा रकम निकासा गर्नुपर्नेछ ।
४. शैक्षिक सत्र २०७९ मा कक्षा ११ मा अध्ययनरत छात्रवृत्ति पाउन योग्य विद्यार्थीले आवश्यक कागजात (इमिसबाट निकालिएको यो बर्षको परिचयपत्र, कक्षा १० को लब्धांक पत्र र बैंक खाता

नम्वर) सहित सम्वन्धित विद्यालयमा सम्पर्क गर्नुपर्नेछ ।विद्यालयले आवश्यक विवरणसहित सम्वन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ । यदि उक्त विद्यार्थी फारम भरेको विद्यालयभन्दा अन्यत्र सामुदायिक विद्यालयमा स्थानान्तरण भएको खण्डमा फारम भरेको विद्यालयमा नै सम्पर्क गर्नुपर्नेछ ।

५. कक्षा १० मा पिएमटी फारम भरेका विद्यार्थीहरुले कक्षा ११ मा निजी विद्यालयमा अध्ययन गरेको भएमा विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य भनी नामावली प्रकाशित भए पनि निजले उक्त छात्रवृत्ति पाउने छैनन्।

६. एसइइको पूरक परीक्षा दिने विद्यार्थीको हकमा कक्षा ११ मा भर्ना भएपछि मात्र वैंकखाता खोल्नु पर्नेछ ।

७. कक्षा ८ मा फारम भरी कक्षा ९ मा छात्रवृत्ति पाउने विद्यार्थीको हकमा समेत वैंकखाता खोल्न बाँकी रहेको भए सात दिनभित्र खाता खोली एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा वैंक खाता विवरण अद्यावधिक गर्नुपर्नेछ ।

८. छात्रवृत्ति पाउनको लागि योग्य भएका विद्यार्थीहरुवाट वैंकखाता खोल्न व्यवस्था मिलाउने मुख्य जिम्मेवारी सम्वन्धित विद्यालयको हुनेछ।